निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

निर्वाचन आयोग
नेपाल
२०२३

## प्रेस विज्ञप्ति

मिति : २०७६/५/२४

२०७६ मङ्सिर १४ गते प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्य समेत कुल ५१ पदहरुका लागि हुने उपनिर्वाचन प्रयोजनको निम्ति मतदाता नामावली तयार गर्ने सिलसिलामा उपनिर्वाचन हुने ३७ जिल्लाका १५४ वडा कार्यालयहरुमा रहने सहायक नाम दर्ता अधिकारीको कार्यालयमा मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम २०७६ असोज १ गतेदेखि तपशिलमा उल्लेखित तालिका बमोजिम सञ्चालन हुने भएको छ। सम्बन्धित वडाका मतदाताहरुलाई आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी मतदाता नामावलीमा रहेका त्रुटी सच्याउने, उजुरी दिने, दोहोरो नाम हटाउने, मृत्यु भएका, नागरिकता रद्ध/त्याग गरेका मतदाताहरुको नाम हटाई शुद्ध मतदाता नामावली तयार गर्ने कार्यमा सहयोग गर्नुहुन सबैमा अनुरोध गरिएको छ । साथै ३७ जिल्लाका १५४ वडामा ४,४७,७९२ मतदाताको नामावली विवरण तयार गरी आद्यावधिक कार्यक्रम (दाबी बिरोध) प्रयोजनको लागि सम्बन्धित जिल्लाहरुमा पठाइ सकिएको छ।

**मतदाता नामावली ऐन, २०७३ को दफा १३ बमोजिम मतदाता नामावली अद्यावधिक (दबी विरोध) कार्यक्रम, २०७६**

| क.सं. | विवरण | देखि | सम्म | समय | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०७६-०६-०१ | २०७६-०६-०१ | १० बजे देखि ५ बजे सम्म | सहायक नाम दर्ता अधिकारीको कार्यालय | |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा सच्याउन दरखास्त दिने( मतदाता नामावली ऐन, २०७३ को दफा १४), उजुरी दिने(ऐनको दफा १५), दोहोरो नाम हटाउन निवेदन दिने (ऐनको दफा १६) , नाम हटाउने (ऐनको दफा १७) र मतदाता नामावलीबाट नाम हटाउने(ऐनको दफा १८ ) सम्बन्धी निवेदन लिने। | २०७६-०६-०२ | २०७६-०६-०५ | १० बजे देखि ५ बजे सम्म | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सार्वजनिक विदाको दिन समेत कार्यालय खुला रहने छ। |

शंकरप्रसाद खरेल
सहसचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | क.सं.२ बमोजिम परेका निवेदन उपर आवश्यक छानबिन गरी अभिलेखमा अद्यावधिक गर्ने । | २०७६-०६-०६ | २०७६-०६-०७ | १० बजे देखि ५ बजे सम्म | सहायक नाम दर्ता अधिकारीको कार्यालय | |
| ४ | ऐनको दफा १८ बमोजिम नाम हटाइएकोमा सोको सूचना सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको वडा कार्यालयमा टाँस्ने । | २०७६-०६-०८ | २०७६-०६-०८ | १० बजे देखि २ बजे सम्म | सहायक नाम दर्ता अधिकारीको कार्यालय | |
| ५ | अद्यावधिक गरिएको मतदाता नामावली प्रकाशन गर्ने । | २०७६-०६-०८ | २०७६-०६-०८ | २ बजे देखि ५ बजे सम्म | सहायक नाम दर्ता अधिकारीको कार्यालय | |
| ६ | ऐनको दफा १९ बमोजिम अद्यावधिक गरिएको मतदाता नामावली जिल्ला निर्वाचन कार्यालयमा बुझाउने । | २०७६-०६-०८ | २०७६-०६-१० | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | |

(शंकरप्रसाद खरेल)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np